**गैरआवासीय नेपाली नागरिकताको निरन्तरताका बारेमा एक अनौपचारिक छलफल:**

गत २६ र २७ जुनका दिन नेपाल सरकार परराष्ट्र मन्त्रालयले विभिन्न मुलुकमा रहेका अवैतनिक नेपाली महावाणिज्यदूतहरुको सम्मेलन काठमाडौंमा आयोजना गरेको थियो । उक्त सम्मेलनमा भागलिन नेपाल आउनु भएका अवैतनिक महावाणिज्य दूतहरुको उपस्थितिको सदुपयोग गर्दै गत २७ जुनका दिन गैरआवासीय नेपाली संघको नागरिकताको निरन्तरता सम्बन्धि कार्यदलको पहलमा नेपाली मूलका अवैतनिक नेपाली महावाणिज्यदूतहरु वीच नेपाली नागरिकताको निरन्तरताका बारेमा एक अनौपचारिक छलफलको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा हाल नेकपा संसदीय दलका उपनेता एवं संविधान सभाका पूर्व अध्यक्ष सुवास नेम्वाङ एवं नेपाली कांग्रेसको तर्फबाट राष्ट्रिय सभा सदस्य माननीय राधेश्याम अधिकारीको समुपस्थिति रहेको थियो । उक्त छलफलमा अवतैनिक महावाणिज्यदूतहरुले हाल संसदमा रहेको विचाराधिन नागरिकता सम्बन्धी ऐनमा शंसोधन गर्न बनेको विधेयकका बारेमा चासो राख्नु भएको थियो । साथै नेपाली मूलका विदेशी नागरिकहरुले भोग्ने समस्याका बारेमा समेत जानकारी गराउनु भएको थियो ।

छलफलमा मा. नेताज्यूहरुले नेपालको संविधानले नै गैरआवासीय नेपालीहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पाउने गरी गैरआवासीय नेपाली नागरिकताको व्यवस्था गरिसकेकोले संविधानको विपरित जान जो कसैले नसक्ने स्पष्ट पार्नु भयो । उहांहरुका अनुसार नागरिकता सम्बन्धि ऐनको संशोधनमा केही ढिलाई भएको स्वीकार गर्दै गैरआवासी नेपालीहरुको संविधानले व्यवस्था गरेको अधिकारमा कमी हुने गरी कानुन आउन नसक्ने प्रष्ट पार्नु भयो । उहांहरुले संविधानमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको व्यवस्था भएपछि राजनैतिक लगायतका अधिकार सहितको नागरिकता हालको संविधानको अधिनमा आउन नसक्ने प्रष्ट पार्नु भयो । सम्पत्ति राख्ने संपत्तिको उपभोग लगायतका सम्बन्धमा अन्य नेपाली नागरिक सरह नै गैरआवासीय नेपाली नागरिकले अधिकार प्रयोग गर्न पाउने प्रष्ट पार्नु भयो । साथै उहांले संसदीय समितिले गैरआवासीय नेपाली नागरिकको अधिकार कटौति गर्न लागेको जस्तो सामाजिक संजालमा आउने खबरबाट भ्रममा नपर्न अनुरोध गर्नु भयो । साथै उहाँहरुले कुनै सम्बन्धित समितिको कुनै सदस्यको धारणालाई लिएर बनाईएको समाचारको भ्रममा नपर्न र समितिको आधिकारीक प्रस्ताव एवं संसदले बनाउने कानुनमा मात्र विश्वास गर्न अनुरोध गर्नु भयो ।

उक्त अन्तरक्रियामा गैरआवासीय नेपाली नागरिकता निरन्तरता कार्यदलका संयोजक राम थापा, अवैतनिक महावाणिज्यदूतहरु : सियाटल वाशिंगटनका एसि शेर्पा, क्यालिफोर्नियाका रिषि पुन्नाकार ढकाल, मेलबोर्न अष्ट्रेलियाका चन्द्र योञ्जन, सिड्नी अष्ट्रेलियाका दिपक खड्का, एडिलेड अष्ट्रेलियाका दिपक धमला, बुखारेष्ट रोमानियाका नवराज पोखरेल, स्लोभेनियाका अश्वीन कुमार श्रेष्ठ, गैरआवासीय नेपाली नागरिकता निरन्तरता दलका फोकल पर्सन सरोज दाहाल र सचिवालयका प्रमुख कार्यकारी अधिकृत हेमन्त दवाडीको उपस्थिति रहेको थियो ।

गैरआवासीय नेपाली संघ
गैरआवासीय नेपाली नागरिकता निरन्तरता कार्यदल ।